४. गुम्बा तथा विहारको निर्माण र मर्मत सम्भार मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने,

५. सुशासन र संस्थागत विकास गर्ने ।

सम्मानननीय सभाध्यक्ष महोदय,
अव म क्षेत्रगत बजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहान्छुः

## १. सामाजिक विकास

सामाजिक विकास तर्फ चालुमा रु. **१ करोड** र पूँजीगतमा **३० लाख** गरी निसर्त तर्फ **रुपैयाँ १ करोड ३० लाख**, चालुमा **रु. ६ करोड ४७ लाख** र पुँजीगतमा **रु. १ करोड १ लाख गरी** संघको शसर्त अनुदान तर्फ रुपैयाँ **७ करोड ४८ लाख,** प्रदेश शसर्तमा चालुमा रु. **१५ लाख ६ हजार** गरी **शिक्षामा जम्मा रु. ८ करोड ९३ लाख ६ हजार** विनियोजन गरिएको छ । चालुमा **८५ लाख**, पूँजीगतमा **रुपैयाँ ५ लाख** गरी निसर्त तर्फ रु. **९० लाख**, चालुमा रुपैयाँ **३ करोड १४ लाख**, पूँजीमा रुपैयाँ **४ लाख** गरी संघको शसर्त अनुदान चालुमा रु. **३ करोड १८ लाख** , त्यस्तै चालुमा **रु. ३ लाख ५० हजार** र पूँजीगत तर्फ **२० लाख** गरी **स्वास्थ्यमा जम्मा रु. ४ करोड ३१ लाख ५० हजार** विनियोजन गरिएको छ । पूँजीगतमा संघ शसर्तमा रु. **३ लाख** , प्रदेश शसर्त तर्फ चालुमा रु. **७५ लाख** र विशेष अनुदान अन्तर्गत **रु. ३२ लाख** गरी **खानेपानी तथा सरसफाई**मा जम्मा **रु. १ करोड १० लाख** विनियोजन गरिएको छ। प्रदेश शसर्त अन्तर्गत पूँजीगत तर्फ **रु. २५ लाख भाषा तथा संस्कृतिमा** विनियोजन गरिएको छ। निशर्त अन्तर्गत चालुमा रु. **७० लाख** र पूँजीगत तर्फ **१ लाख २३ हजार ८ सय २०** र प्रदेश शसर्त अन्तर्गत चालुमा रुपैयाँ **७ लाख ४४ हजार** गरी जम्मा रु. **७८ लाख ६७ हजार २ सय ८० लैंगिक समानता तथा सामाजिक समाबेशीकरण**मा विनियोजन गरिएको छ । निशर्त अन्तर्गत चालुमा रुपैयाँ **२० लाख** र संघ शसर्त अन्तर्गत चालुमा रुपैयाँ **१ लाख,** युवा रोजगारको लागि रुपान्तरण पहल परियोजना कार्यक्रममा संघ शसर्त अन्तर्गत चालुमा रुपैयाँ **४३ लाख** र पूँजीगत तर्फ रुपैयाँ **३ लाख** गरी **युवा तथा खेलकुदमा** जम्मा **रुपैयाँ ६७ लाख** विनियोजन गरिएको छ । संघ शसर्त अन्तर्गत चालु तर्फ महामारी रोग नियन्त्रण कार्यक्रमको लागि रुपैयाँ **१४ लाख** र विपद व्यवस्थापन कोषमा रुपैयाँ **३० लाख** गरी सामाजिक सुरक्षा तथा संरक्षणमा रुपैयाँ **४४ लाख** रकम विनियोजन गरिएको छ । यसरी **सामाजिक विकास**मा जम्मा रुपैयाँ **१६ करोड ४९ लाख** २३ **हजार ८ सय २०** विनियोजन गरिएको छ ।

## २. आर्थिक विकास

चालुमा रुपैयाँ **२७ लाख** गरी संघ सशर्तमा रुपैयाँ **२७ लाख**, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको लागि चालुमा रुपैयाँ **२५ लाख,** चालुमा रुपैंया **१० लाख** र पूँजीगतमा **रुपैयाँ १० लाख** गरी प्रदेश शसर्तबाट रुपैयाँ **२० लाख** र चालुमा रुपैयाँ **५० लाख** र पुँजीगतमा रुपैयाँ **२० लाख** गरी निशर्त तर्फ रुपैयाँ **७० लाख** गरी कृषिमा रुपैयाँ **१ करोड ४२ लाख** विनियोजन गरिएको छ ।

निशर्तबाट चालुमा रुपैयाँ रु. **५० लाख** र पूँजीगतमा रुपैयाँ **२० लाख** गरी **पर्यटन**मा जम्मा रुपैयाँ **७० लाख** विनियोजन गरिएको छ ।

चालु तर्फ रुपैयाँ **३१ लाख** गरी संघ शसर्त अन्तर्गत रुपैयाँ **३१ लाख**, चालु तर्फ रुपैयाँ **५० लाख** र पूँजीगत तर्फ रुपैयाँ **२० लाख** गरी निशर्त तर्फ रुपैयाँ **७० लाख** गरी पशुपन्छी विकासमा जम्मा रु. **१ करोड १ लाख** बजेट विनियोजन गरिएको छ ।

निशर्त अन्तर्गत चालुतर्फ रुपैयाँ **३० लाख** र संघ शसर्त अन्तर्गत चालुमा **२९ लाख** गरी **उद्योग**मा जम्मा रुपैयाँ **५९ लाख** विनियोजन गरिएको छ । यसरी **आर्थिक विकास**मा जम्मा रुपैयाँ **३ करोड ७२ लाख** विनियोजन गरिएको छ ।

## ३. पूर्वाधार विकास

पूँजीगत तर्फ प्रदेश शसर्त अन्तर्गत रुपैयाँ २५ लाख, प्रदेश समपूरक अन्तर्गत प्रदेश समपूरक अनुदानबाट पूँजीगत तर्फमा रुपैयाँ १ करोड १ लाख ७७ हजार र निशर्त अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ १ करोड १ लाख ७७ हजार गरी **भवन, आवास तथा सहरी विकास**मा जम्मा रुपैयाँ **२ करोड २८ लाख ५४ हजार** विनियोजन गरिएको छ ।

निसर्तबाट चालुमा रुपैयाँ **१० लाख** गरी **सञ्चार तथा सूचना प्रविधि**मा जम्मा रुपैयाँ **१० लाख** विनियोजन गरिएको छ ।

निशर्तबाट चालुमा रुपैयाँ १० लाख गरी **पुनर्निर्माण**मा जम्मा रुपैयाँ **१० लाख** विनियोजन गरिएको छ ।

प्रदेश शसर्त अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ **७५ लाख**, प्रदेश समपूरक अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ **१ करोड १ लाख १७ हजार**, निशर्त अन्तर्गत समपूरक कोष पूँजीगत तर्फ रुपैयाँ **१ करोड १ लाख १७ हजार,** निशर्त अन्तर्गत पूँजीगत तर्फ रुपैयाँ **३ करोड ६५ लाख** गरी यातायात पूर्वाधारमा जम्मा रुपैयाँ **६ करोड ४२ लाख ३४ हजार** विनियोजन गरिएको छ ।

संघ शसर्तबाट पूँजीगत तर्फ रुपैयाँ राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रममा रुपैयाँ **८ लाख** गरी उर्जामा रुपैयाँ **८ लाख** रकम विनियोजन गरिएको छ ।

संघ शसर्त अन्तर्गत पूँजीगत तर्फ **झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममा** रकम रुपैयाँ रु. २८ **लाख** विनियोजन गरिएको छ ।

निशर्तबाट पूँजीगतमा जम्मा रुपैयाँ **१० लाख** गरी सम्पदा पूर्वाधारमा जम्मा रुपैयाँ **१० लाख** विनियोजन गरिएको छ । यसरी पूर्वाधार विकासमा जम्मा रुपैयाँ **९ करोड ३६ लाख ८८ हजार** विनियोजन गरिएको छ ।

## ४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

प्रदेश शसर्त अन्तर्गत चालु तर्फ स्थानीय न्यायिक सहजकर्ता कार्यक्रममा रुपैयाँ **४ लाख ६२ हजार** र न्यायिक समितिको लागि चालुमा रुपैयाँ **१५ लाख** र पूँजीगत तर्फ रुपैंया **१० लाख** गरी निशर्त अन्तर्गत रुपैयाँ **२५ लाख** गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा जम्मा रुपैयाँ **२९ लाख ६२ हजार** रकम विनियोजन गरिएको छ ।

## ५. कार्यालय सञ्चालन तथा प्रशासनिक

निशर्त अन्तर्गत चालु तर्फ रुपैयाँ **८ करोड ७ लाख ५६ हजार १ सय** ८० र पूँजीगत तर्फ रुपैयाँ **१ करोड** गरी निशर्तमा जम्मा **रु. ९ करोड ७ लाख ५६ हजार १ सय** ८०, संघ शसर्त अन्तर्गत चालुतर्फ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्वारा सञ्चालित कार्यक्रमको लागि रुपैयाँ **१३ लाख,** प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि संघ शसर्त अन्तर्गत चालु तर्फ रुपैयाँ **८ लाख** गरी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि जम्मा रुपैयाँ **९ करोड २८ लाख ५६ हजार १ सय** ८० रकम विनियोजन गरिएको छ।

**अनुमानित खर्च**

सम्माननीय सभाध्यक्ष महोदय,
आगामी आर्थिक वर्षको अनुमानित खर्च **रुपैयाँ ३९ करोड १६ लाख ३० हजार** हुने अनुमानित प्रक्षेपण गरिएको छ।

**खर्च वेहोर्ने श्रोतहरु**

सम्माननीत सभाध्यक्ष महोदय,
आगामी आ.व. २०७९/०८० को व्यय व्यहोर्ने श्रोतको रुपमा सङ्घीय सरकारबाट **शसर्त अनुदानको रुपमा प्राप्त हुने रु १२ करोड ९९लाख**, वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त हुने **रु. ८ करोड ८७ लाख, संघ राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु७ करोड २८ लाख ३१ हजार, प्रदेश शसर्त अनुदानबाट प्राप्त हुने रु. २ करोड ७० लाख ६२ हजार, प्रदेश समानीकरण अनुदानको रुपमा प्राप्त हुने रु. ७८ लाख ७५ हजार, प्रदेश राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु. २ करोड ६२ हजार, प्रदेश विशेष अनुदान रकम रु. ३२ लाख, प्रदेश समपूरक अनुदान रकम रु. २ करोड २ लाख ९४ हजार, आन्तरिक आय रु. ८० लाख**, गत वर्षको **अल्या मौज्दात रुपैयाँ १ करोड ३७ लाख ६ हजार आगामी आर्थिक वर्ष २०७९/०८० को कुल बजेट रकम रुपैयाँ ३९ करोड १६ लाख ३० हजार** श्रोत कायम हुने अनुमान गरिएको छ।

अनुसूची १

| आगामी आ.व. २०७८/०७९ को अनुमानित आय तर्फ रु(हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्व आधार, शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व.को संशोधित अनुमानित आय | आगामी आ.व.को अनुमानित आय |
| ११३१३ | सम्पत्ती कर | | ० | |
| ११३१४ | भुमीकर/ मालपोत | १४१७ | २३०० | २१०० |
| ११३२५ | घर जग्गा रजिष्ट्रेशन | | ० | |
| ११३२१ | घर बहाल कर | १४७७ | २००० | १००० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | १५०० | १८०० | १००० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २६९ | १००० | १००० |
| १४१५६ | बाँडफाँडबाट प्राप्त भई दहत्तर वहत्तर बाट प्राप्त | | ० | |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | | ० | १० |
| १४२१३ | अन्त बिक्रीबाट प्राप्त रकम | ३४ | ० | ३५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | ७९ | ३ | २ |
| १४२४२ | नक्सापास दस्तुर | २८४ | २६० | २६७ |
| १४२४३ | शिफारिस दस्तुर | ११२ | २५० | २५० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १ | ५४ | ८५ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ६ | ७ | ६ |
| १४२४९ | अन्य दस्तुर | ५१ | २५ | ३५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन | २५१ | १८० | २०० |
| २४२२४ | परीक्षा शूल्क | २० | ३० | १० |
| १४५२९ | अन्य राजश्व | ४२२८ | २३०० | १८०० |
| १४६११ | व्यवसाय कर | ६६६ | २४० | २०० |
| | नगद | ० | ० | ० |

